जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ९८ • २०८२ माघ १५ गते विहिवार • 29 Jan. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday@gmail.com

# महोत्तरीको राजनीतिक परिदृश्य यसपटक केही फरक

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १४ माघ**

महोत्तरीको राजनीतिक परिदृश्य यसपटक केही फरक देखिएको छ । प्रतिनिधिसभा निर्वाचनका लागि दर्ता भएका उम्मेदवारहरूको सूचीले पछिल्लो समय देशभर उठेको 'जेनजी' अर्थात् नयाँ पुस्ताको राजनीतिक चेतनालाई आंशिक रूपमा प्रतिबिम्बित गरेको छ। विशेषगरी गत भदौ महिनामा भएको नवयुवाहरूको आन्दोलनपछि युवाहरूले राजनीति प्रत्यक्ष हस्तक्षेप गर्नुपर्ने आवाज उठाउँदै आएका थिए, जसको असर महोत्तरीमा पनि देखिएको छ ।

यद्यपि, जेनजी अभियानकर्मीहरूका अनुसार यो प्रतिनिधित्व पूर्ण रूपमा सन्तोषजनक भने छैन । उनीहरू भन्छन्, "सूचीमा केही युवा नाम देखिनु सकारात्मक सङ्केत हो, तर अझै पनि पहुँच र प्रभाव भएकाहरू नै प्राथमिकतामा परेको अनुभूति हुन्छ ।" यसअघि केही नयाँ र पुराना राजनीतिक दलहरूले समानुपातिकतर्फ प्रस्तुत गरेका उम्मेदवारहरूको सूचीमा पनि जेनजी आन्दोलनको भावना समेटिएको देखिए पनि ती नामहरू अधिकांशतः राजनीतिक पहुँच भएकै व्यक्तिहरू थिए । प्रतिनिधिसभा निर्वाचनमा महोत्तरीबाट आठ जना जेनजी पुस्ताका युवाहरू प्रत्यक्ष रूपमा चुनावी मैदानमा उत्रिएका छन् । निर्वाचन आयोगको तथ्याङ्क अनुसार तीमध्ये छ जना स्वतन्त्र उम्मेदवार हुन् भने दुई जना विभिन्न राजनीतिक दलबाट




उम्मेदवार बनेका छन् । यो सङ्ख्या सानो देखिए पनि स्थानीय राजनीतिक इतिहासका हिसाबले महत्त्वपूर्ण मानिन्छ । क्षेत्र नम्बर १ बाट स्वतन्त्र उम्मेदवारका रूपमा शिव नारायण महतो र सचिन महतो चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । क्षेत्र नम्बर २ मा राज गुरु यादवले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । क्षेत्र नम्बर ३ बाट 'नेपालका लागि नेपाली पार्टी'का तर्फबाट रजनिश राज पाण्डेय उम्मेदवार बन्नुभएको छ । क्षेत्र नम्बर ४ मा जनता लोकतान्त्रिक पार्टी नेपालका तर्फबाट शिव शंकर कुमार शर्मा उम्मेदवार हुनुहुन्छ भने यही क्षेत्रबाट स्वतन्त्र उम्मेदवारका रूपमा गंगाप्रसाद यादव, विनोदकुमार मण्डल र सुकेशकुमार यादव चुनावी मैदानमा हुनुहुन्छ ।

यी युवा उम्मेदवारहरूको साझा विशेषता भनेको पुरानो राजनीतिक शैलीप्रति असन्तुष्टि र नयाँ सोचसहितको हस्तक्षेप हो । उहाँहरु सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य र स्थानीय विकासलाई प्रमुख एजेन्डा बनाउँदै मतदातासामु पुग्नुभएको छ । धेरैजसो उम्मेदवार सामाजिक सञ्जाल, प्रत्यक्ष भेटघाट र सामुदायिक छलफल मार्फत मतदातासँग संवाद गरिरहनुभएको छ, जुन परम्परागत राजनीतिभन्दा फरक अभ्यास मानिन्छ । राजनीतिक विश्लेषकहरूका अनुसार जेनजी को उपस्थिति जित-हारभन्दा पनि दीर्घकालीन रूपमा राजनीतिक संस्कार परिवर्तनको सङ्केत हो । "यी युवाहरूले जिते वा नजिते पनि उनीहरूको सहभागिताले आगामी निर्वाचनमा अझ बढी युवालाई प्रेरित गर्नेछ," एक स्थानीय विश्लेषक बताउनुहुन्छ । महोत्तरीमा देखिएको यो परिवर्तन सानो भए पनि अर्थपूर्ण छ । यसले राजनीतिमा पुस्तान्तरणको बहसलाई बल दिएको छ र जेनजी पुस्ता अब सडक आन्दोलनबाट मात्र होइन, मतदान र उम्मेदवारी मार्फत पनि आफ्नो आवाज स्थापित गर्न खोजिरहेको स्पष्ट देखिन्छ ।

## परराष्ट्रमन्त्री बालानन्द शर्माद्वारा महोत्तरीको सिमावर्ती मतदान केन्द्रको अनुगमन

**मो.इर्शाद**
**महोत्तरी, १४ माघ**



परराष्ट्रमनन्त्री बालानन्द शर्माले फागुन २१ को प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारीबारे जानकारी लिन महोत्तरीको सिमावर्ती क्षेत्रको अनुगमन गर्नु भएको छ ।

बुधबार सदरमुकाम जलेश्वर आई पुग्नु भएको परराष्ट्रमन्त्री शर्माले सिमावर्ती गाँउ मलिवाडा र नैन्हीस्थित मतदान केन्द्रको स्थलगत निरिक्षण अनुगमन गर्नु भएको हो । अनुगमनपश्चात् प्रतिक्रिया दिनु हुँदै मन्त्री शर्माले फागुन २१ गते हुने निर्वाचनको लागि नेपाल सरकारको सुरक्षाकर्मी र निर्वाचन अधिकृतहरूको कस्तो तयारी छ त्यसबारे जानकारी लिन महोत्तरी आएको बताउनु भयो । फागुन २१ गते हुने चुनावमा सुरक्षाकर्मीहरू र जनप्रतिनिधिहरूको पनि बराबरको भूमिका हुन जान्छ । "महोत्तरी आउनुको मूख्य कारण नेपाल सरकारले निर्वाचनका लागि कुन किसिमको सहयोग गरिदिनु पर्छ, कुनै किसिमको कठीनाइ छ कि ? त्यो बुझ्न आएको छु ।" उहाँले भन्नु भयो । "चुनावलाई भयरहित र व्यवस्थित बनाउन निर्वाचनमा कुनै अवरोध सृजना हुन्छ कि भनेर हेर्न आएको थिए , हेरेपछि सामान्य नै लागेको छ ।" परराष्ट्रमन्त्री शर्माले भन्नु भयो "नेपाल पट्टीको सशस्त्र प्रहरी र भारत पट्टीको एसएसबी सँगको समन्वय राम्रो भएकोले चुनावमा नकारात्मक असर पर्ने जस्तो लागेन ।" निर्वाचनको अर्को कुनै विकल्प छैन, निर्वाचन गर्नै पर्छ । सुरक्षा अधिकारीलाई निर्वाचनलक्षित निर्देशन दिनुहुँदै मन्त्री शर्माले स्वच्छ, भयरहित र निष्पक्ष निर्वाचन गराउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको छ । परराष्ट्रमन्त्री शर्माले जिल्लाका सुरक्षा अधिकारीसँग महोत्तरीमा निर्वाचनलाई लक्षित गरी बनाइएको सुरक्षा योजनाबारे जानकारी समेत लिनुभएको छ । मन्त्री शर्मालाई महोत्तरीका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवल गायतका सुरक्षा अधिकारीहरूले जिल्लाको चुनावी सुरक्षा तयारीबारे जानकारी गराउनु भएको थियो । महोत्तरीको १६३ मतदानस्थललाई अतिसंवेदनशील, ८९ लाई संवेदनशील र ६ लाई सामान्य सुरक्षा अवस्थाको सूचीमा राखिएको छ । निर्वाचन क्षेत्र नं १ मा २५ , क्षेत्र नं २ मा ३७ , क्षेत्र नं ३ मा ४१ र क्षेत्र नं ४ मा ३६ सहित १३९ उम्मेदवार प्रतिस्पर्धामा रहेको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि दुई लाख ३५ हजार १८३ पुरुष, एक लाख ९२ हजार ९७ महिला र अन्य २ गरी कुल चार लाख ३१ हजार २८२ मतदाता रहेको जनाएको छ ।

## थापालाई जिताउन भन्दै प्रदेश सभा सदस्यका उम्मेदवार र चार जना वडाध्यक्ष कांग्रेस प्रवेश



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १४ माघ**


नेपाली कांग्रेसका सभापति एवम् सर्लाही क्षेत्र नम्बर ४ का उम्मेदवार गगन थापालाई जिताउन भन्दै प्रदेश सभा सदस्यका उम्मेदवार र चार जना वडाध्यक्ष कांग्रेस प्रवेश गरेका छन् ।

प्रदेश सभा निर्वाचनमा बहुजन पार्टीबाट सर्लाही क्षेत्र नं ४ (ख) बाट उम्मेदवार बनेका कृष्णकुमार कुशवाह र गोडैता नगरपालिकाका चार वडाध्यक्ष कांग्रेस प्रवेश गरेका हुन् । सर्लाहीमा बुधबार आयोजित कार्यक्रममा कुशवाहसहित गोडैता नगरपालिका वडा नं १ का वडाध्यक्ष सुजित महतो, वडा नं २ का वडाध्यक्ष अजयप्रसाद साह, वडा नं ५ का वडाध्यक्ष प्रकाश गुप्ता र वडा नं ११ का वडाध्यक्ष विश्वनाथ पण्डितलाई सभापति थापाले पार्टी प्रवेश गराएको उनको सचिवालयले जनाएको छ । वडा नं १ का वडाध्यक्ष महतो र वडा नं २ का वडाध्यक्ष साह नेपाल कम्युनिष्ट पार्टी, वडा नं ५ का वडाध्यक्ष गुप्ता लोसपा, वडा न ११ का वडाध्यक्ष पण्डित एमालेबाट वडाध्यक्ष विजयी भएका थिए । त्यसैगरी बसबरियाका जसपा नेता मुकेश यादव, वडासदस्य लालु मन्सुर पनि कांग्रेस प्रवेश गरेका छन् ।

यसअघि सर्लाही-४ का स्वतन्त्र उम्मेदवार महेन्द्र यादव पनि कांग्रेस प्रवेश गरेका थिए ।



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# बाबुआमाप्रति दयाभाव राखौं

*ज्येष्ठ नागरिकको ऐन, नीति, नियमावलीको प्रभावकारी कार्यान्वयनको पक्ष कमजोर रहेको देखिन्छ । हुन त ज्येष्ठ नागरिक ऐन, २०७९ मा रेखदेख, पालनपोषण, ज्येष्ठ नागरिकमाथि अपराध गरे कानुनी व्यवस्था, छोटो दूरीको यातायात, औषधि उपचारमा ५० प्रतिशत छुटको व्यवस्था रहेका छन । ७० वर्ष माथिकालाई जटिल रोगको उपचारमा एक लाख छुट, ७५ वर्ष माथिकालाई मिर्गौला र मुटुको रोगको निःशुल्क उपचार, कानुनी सहायता, कसुरमा छुटको व्यवस्था आदि नभएको भने होइन तर माथि उल्लेख गरेजस्तै प्रभावकारी कार्यान्वयनको अवस्था भने जति हुनुपर्ने हो त्यति नरहेको देखिन्छ। आमाबाबुलाई हेलाँ गर्ने, वृद्धाश्रम पुर्‍याउने, खान, लगाउन नदिने, औषधोपचारबाट टाढै राख्ने प्रवृत्तिले नेपाली समाजलाई मानवताशून्य बनाएको देखिन्छ । सम्पत्ति भएका वा नभएका दुवैखाले ज्येष्ठ नागरिक ढल्कँदो उमेरमा केवल पीडाका पात्र बनेको देखिन्छ । सम्पत्ति हुने बाबुआमालाई करकाप गर्ने, छलछाम गर्ने, तर्साउने र जालझेल गरी स्वार्थसिद्ध गर्ने छोराछोरी एकातिर निन्दनीय रहेको देखिन्छ । सम्पत्ति नभएका बाबुआमाप्रति रत्तिभर दयाभाव नराख्ने, दुर्व्यवहार गर्ने सन्तान भने घोर कलंकको रहेको देखिन्छ ।*

# गौशाला नगरपालिकामा वडाध्यक्षको नेतृत्वमा तालाबन्दी

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १४ माघ**



महोत्तरीको गौशाला नगरपालिकामा वडाध्यक्षको नेतृत्वमा तालाबन्दी गरिएको छ । वडा नं. १ का वडाध्यक्ष नवीन साहको नेतृत्वमा मंगलबार नगरपालिका पुगेका स्थानीयले नगरपालिकामा तालाबन्दी गरेका हुन् ।

गत आर्थिक वर्षमा सम्पन्न योजनाको भुक्तानी रोक्का गरिएको तथा चालु आर्थिक वर्षको योजना बाँडफाँटमा असमान व्यवहार गरिएको आरोप उनीहरूले लगाएका छन्। सोही कारण नगरप्रमुख डा. दीपेन्द्र महतो तथा प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीको कार्यकक्षमा ताला लगाइएको हो । तालाबन्दीपछि मंगलबार नगरपालिका पुगेका सेवाग्राहीको कामकाज प्रभावित हुनुका साथै कार्यालयको नियमित प्रशासनिक गतिविधि ठप्प भएको छ । वडाध्यक्ष साहले गत वर्ष सम्पन्न वडास्तरीय योजनाको भुक्तानी नगरप्रमुखले हालसम्म रोकेर राखेको बताए। यस वर्षको योजना बाँडफाँटमा समेत विभेद गरिएको उनको आरोप छ । अन्य सबै वडामा योजना छुट्याएर बजेट विनियोजन गरिएको छ, तर हाम्रो वडामा काम गर्न नपाओस् भन्ने नियतले एकमुष्ट बजेट राखिएको छ," उनले आक्रोश व्यक्त गर्दै भने,कतिपय विषयमा आफूले सचेत गराएकै कारण मेयरले सिंगो वडामाथि सौतेनी व्यवहार गरेका छन् ।

# नक्कली भारतीय रुपैयाँ सहित दुईजना पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १४ माघ**

सशस्त्र प्रहरी बल, नेपालले रौतहटको सीमावर्ती क्षेत्रमा नक्कली भारतीय रुपैयाँसहित दुई जनालाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म मुख्यालय गौरबाट खटिएको चेकपोस्ट टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका दुई जना भारतीय नागरिकलाई चेकजाँच गर्ने क्रममा शङ्कास्पद नोटसहित पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारत, जिल्ला सितामढी पर्सौनी बस्ने अन्दाजी ४२ वर्षीय राकेश कुमार साह र जिल्ला सितामढी सिभवर परिषद-४ बस्ने अन्दाजी ३० वर्षीय विक्रम कुमार पासवान रहेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी रामहरि अधिकारीले बताएका थिए। उनीहरूले प्रयोग गरेको विआर ३० ए एफ ५७३१ नम्बरको मोटरसाइकल समेत बरामद गरिएको छ । जाँचका क्रममा उनीहरूको साथबाट भारु २ हजार ५ सय रुपैयाँ बराबरका नक्कली जस्तो देखिने नोट फेला परेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद रकममध्ये ५०० दरको १ थान र २०० दरको १० थान नोट रहेका छन् । सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म मुख्यालय गौरका प्रमुख डिएसपी प्रेमसागर विष्टका अनुसार शङ्कास्पद नोटसहित उनीहरूको साथबाट सक्कली भारु १७७ रुपैयाँ, मोटरसाइकल र दुई थान एन्ड्रोइड मोबाइल समेत बरामद गरिएको छ ।






## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: आम्दानी हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: विचार गरेर बोल्नुहोला
कन्या: लामो यात्राको योग छ
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक चिन्ता
कूम्भ: खानपानमा समस्या आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

# आवश्यक टेलिफोन नम्बरहरु

## जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

## जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्पको भन्सार वृद्धि योजनाबारे आधिकारिक जानकारी प्राप्त नभएको कोरियाको भनाइ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ माघ**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण कोरियाली आयातित वस्तुहरूमा भन्सार शुल्क १५ प्रतिशतबाट बढाएर २५ प्रतिशत पुर्‍याउने घोषणा गरेपछि दुई देशबीच व्यापारिक तनाव चुलिएको छ।

ट्रम्पले सोमबार सामाजिक सञ्जालमार्फत दक्षिण कोरियाली व्यवस्थापिकाले द्विपक्षीय व्यापार सम्झौता लागू गर्न ढिलाइ गरेको आरोप लगाउँदै अटोमोबाइल, काठ र औषधिजन्य उत्पादनहरूमा भन्सार वृद्धिको चेतावनी दिएका हुन्। दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले भने ट्रम्पको यस घोषणाबारे वासिङ्टनबाट हालसम्म कुनै आधिकारिक सूचना प्राप्त नभएको स्पष्ट पारेको छ। परिस्थितिको गम्भीरतालाई ध्यानमा राख्दै दक्षिण कोरियाले आजै एक अन्तर-एजेन्सी बैठक आयोजना गरी जवाफी रणनीतिका विषयमा छलफल गर्दैछ। यसैबीच, क्यानडा भ्रमणमा रहेका दक्षिण कोरियाली व्यापार तथा उद्योग मन्त्री किम जुङ-क्वान अमेरिकी वाणिज्य सचिव हावर्ड लुटनिकसँग वार्ता गर्न चाँडै अमेरिका जाने तयारीमा छन्।यसअघि भएको सम्झौताअनुसार दक्षिण कोरियाले अमेरिकामा ३५० अर्ब अमेरिकी डलर लगानी गर्ने प्रतिबद्धता जनाएपछि अमेरिकाले अटोमोबाइल लगायतका उत्पादनमा भन्सार घटाउन सहमति जनाएको थियो। सोही बमोजिम नोभेम्बर २६ मा दक्षिण कोरियाली संसद्मा लगानी सम्बन्धी विधेयक पेस भएपछि अमेरिकाले डिसेम्बर ४ देखि भन्सार दर १५ प्रतिशतमा झारेको थियो। तर, ट्रम्पले अहिले सो विधेयक पारित गर्न भएको ढिलाइलाई लिएर पुनः पुरानै २५ प्रतिशतको दर कायम गर्ने धम्की दिएका हुन्।

# ३० भन्दा बढी कलाकारको जम्बो टोली लिएर आउँदै 'वेलकम टू द जंगल', रिलिज मिति घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ माघ**



आफ्नो सिग्नेचर ट्युनबाटै दर्शकलाई हँसाउन सफल भारतको सबैभन्दा ठूलो कमेडी फ्रेन्चाइजी 'वेलकम' तेस्रो भागका साथ हलमा फर्किने भएको छ। लामो पर्खाइपछि निर्माण पक्षले यो शृङ्खलाको नयाँ फिल्म 'वेलकम टू द जंगल' को आधिकारिक रिलिज मिति सार्वजनिक गरेको हो। यो फिल्म आगामी २६ जुन २०२६ मा विश्वभरका सिनेमाघरमा प्रदर्शन हुनेछ। सन् २००७ मा रिलिज भएको 'वेलकम' र २०१५ को 'वेलकम ब्याक' लाई अनिस बज्मीले निर्देशन गरेका थिए। तर, यसपटक भने निर्देशनको जिम्मेवारी बलिउडका चर्चित कोरियोग्राफर तथा निर्देशक अहमद खानले सम्हालेका छन्। अहमद खानको निर्देशनमा तयार भएको यो फिल्ममा ३० भन्दा बढी नाम चलेका कलाकारहरूको अभिनय रहनेछ, जसले यसलाई भारतीय सिनेमाकै सबैभन्दा ठूलो मल्टी-स्टारर कमेडी फिल्म बनाउने दाबी गरिएको छ। फिल्मको विशाल कास्टमा अक्षय कुमार, सुनिल शेट्टी, ज्याकी श्राफ, परेश रावल, अरशद वारसी, राजपाल यादव, जोनी लिभर, आफताब शिवदासानी, श्रेयस तलपडे र तुषार कपूर जस्ता दिग्गज अभिनेताहरू छन्।

# यी हुन् महोत्तरी, तनहुँ र सोलुका संवेदनशील मतदानस्थल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ माघ**




आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनको सुरक्षा तयारीका क्रममा महोत्तरी, तनहुँ र सोलुखुम्बुका सुरक्षा निकायले संवेदनशील मतदानस्थलहरूको पहिचान गरी निर्वाचन आयोगलाई जानकारी गराएका छन्।

जिल्ला सुरक्षा समितिहरूले भौगोलिक अवस्था, विगतका घटना र सुरक्षा चुनौतीलाई आधार मानेर ती स्थानहरूको वर्गीकरण गरेका हुन्। सोलुखुम्बु जिल्लामा रहेका कुल १२४ मतदानस्थलमध्ये १० वटालाई अतिसंवेदनशील र ४१ वटालाई संवेदनशीलको सूचीमा राखिएको छ भने यहाँ कुल ८५ हजार ५१५ मतदाता कायम छन्। यसैगरी महोत्तरीमा रहेका कुल २५८ मतदानस्थलमध्ये १६३ वटालाई अतिसंवेदनशील र बाँकीलाई संवेदनशील मानिएको छ। विशेषगरी महोत्तरीको क्षेत्र नं ३ र ४ का केही मतदानस्थल भारतसँगको खुला सिमाना नजिक रहेकाले तिनलाई उच्च सुरक्षा जोखिममा राखी अतिसंवेदनशीलको सूचीमा समावेश गरिएको छ।

महोत्तरीमा यसपटक ५३६ मतदान केन्द्र रहनेछन्, जबकि अघिल्लो निर्वाचनमा ४९९ केन्द्र मात्र थिए।

# काठमाडौंमा तयारी, पोखरामा नतिजा ल्याउने नेपालको लक्ष्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ माघ**



साफ यू-१९ महिला च्याम्पियनसिप २०२६ यस पटक पोखरामा आयोजना हुँदैछ। नेपालमा आयोजना हुने साफको उमेर समूहको फुटबल पहिलो पटक काठमाडौं बाहिर आयोजना हुन लागेको हो। यही जनवरी ३१ देखि फेब्रुअरी ७ (माघ १७ देखि २४) सम्म पोखरामा आयोजना हुने साफ यू-१९ महिला च्याम्पियनसिप २०२६ मा नेपालसहित दक्षिण एसियाका चार राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्।

जहाँ आयोजना नेपालसहित बंगलादेश, भारत र भुटानले सिंगल राउण्ड रोबिनका आधारमा प्रतिस्पर्धा गर्नेछन् र शीर्ष दुई स्थानमा रहने दुई टोलीले फाइनलमा प्रतिस्पर्धा गर्नेछन्। साफ यू-१८/१९/२० उमेर समूहको यो च्याम्पियनसिपमा नेपालको जुनियर महिला टिमले अहिलेसम्म उपाधि जित्न सकेको छैन। यस पटक नेपालले सुधारिएको प्रदर्शन गर्ने लक्ष्य राखेको छ। अहिलेसम्म ६ संस्करण आयोजना हुँदा बंगलादेशले ५ र भारतले २ पटक उपाधि जितेको छ। एक संस्करणमा भने दुवै टिम संयुक्त विजेता बनेका थिए। नेपाल तीन पटक उपविजेता बनेको छ। सन् २०१८ को पहिलो संस्करण र २०२३ को चौथो संस्करणको फाइनलमा नेपाल बंगलादेशसँग नै पराजित भएको थियो।




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# चुनावः एक रमाइलो अभ्यास

-दशमा चुनावी माहोल छ । राजनीतिशास्त्रीहरू चुनावलाई उत्सव भन्छन् । उत्सव अर्थात् खुसी, उमंग र सामूहिक आनन्द व्यक्त हुने विशेष अवसर । यसमा मानिसहरू दैनिक जीवनको दौडधुप र थकानबाट बाहिर निस्किएर नाच-गान, मेला महोत्सव, कला-संस्कृति र आपसी मेलमिलापमार्फत रमाउँछन् । तर, हाम्रो चुनावी माहोल हेर्दा यस्तो उत्सवको छवि जति कल्पनामा छ, त्यति वास्तविकतामा छैन ।

यहाँ उत्सवभन्दा बढी राजनीतिक नाटक र अभिनय मञ्चन गरिन्छ । नेपालको चुनावी प्रतिस्पर्धामा केवल झूटो वाचा र अभिनय छैन, प्रतिस्पर्धीको छवि धुलिसात बनाउने प्रतिस्पर्धा पनि सामेल छ । र, त्यही शैली चुनावको विशिष्ट अस्त्र बनेको छ । प्रचार, मिडिया फुटेज, सामाजिक सञ्जाल पोस्ट र जनमत मोड्ने विभिन्न रणनीति समावेश गरेर हाम्रो देशलाई उज्यालो बनाउँछु भन्ने नेताहरूले आफ्ना प्रतिस्पर्धीलाई कमजोर देखाउन तिनको असफलता उजागर गर्ने र जनताको विश्वासमा शंका जगाउने कार्य धैर्यपूर्वक गरिरहेका छन् । यसरी, चुनावी मैदान केवल योजना कार्यान्वयन र विकासको विषय होइन, प्रतिस्पर्धीलाई ध्वस्त पार्ने रणनीति र छवि-युद्धको रंगमञ्च पनि बन्न गएको छ ।

उनीहरूले देखाएको यस्तो व्यवहारमाथि प्रश्न उठाउनेहरूको मुख थुन्न 'चुनाव प्रतिस्पर्धा हो, लडाइँ हो' भन्ने कुतर्क सधैं अघि सारिँदै आएको छ । 'एभ्रिथिङ इज फेयर इन लभ एन्ड वार' भन्ने भनाइलाई उनीहरू ढालझैं प्रयोग गरिरहेका छन् । तर, राजनीति न प्रेम हो, न युद्ध नै । राजनीति त देश र जनताप्रतिको गम्भीर जिम्मेवारी हो । यहाँ जित-हारभन्दा ठूलो विषय नैतिकता हो, चालभन्दा ठूलो विषय दायित्व हो । जहाँ जिम्मेवारी हुन्छ, त्यहाँ लाञ्छना, अभिनय र भ्रमको कुनै स्थान हुँदैन । 'प्रतिस्पर्धा चुनावको अपरिहार्य सर्त हो' भन्दा 'यो समाजलाई अझ गतिशील बनाउन प्रयोग गरिने सरल र पारदर्शी माध्यम हो' भनेर बुझ्नुपर्ने हो देशको बागडोर सम्हाल्न तत्पर मस्तिष्कहरूले । उनीहरूले बुझ्नुपर्ने हो– प्रतिस्पर्धा चाहे व्यक्ति होस् वा समाज– दुवैलाई अगाडि बढाउने ऊर्जा हो, एक प्रकारको इन्जिन हो । चुनावी मैदानमा उत्रिएका प्रत्याशीहरू त्यो इन्जिन चलाउने इन्जिनियर हुनुपर्ने हो । चुनावी उत्सवमा 'अब देशले मुहार फेर्छ' भन्ने उत्साह हुनुपर्ने हो । र, जनताको मुहारमा आशाको किरण सल्बलाउनुपर्ने हो । तर, जब-जब म यो माहोल नियाल्छु, देख्छु– चुनावी प्रत्याशीहरूको बुझिनसक्नु भाषा र भाव-भंगिमाभित्र निराशामा जेलिएका जनताका मलिन अनुहार । उनीहरू चरम अन्योलको अवस्थाबाट गुज्रिरहेका छन् । र, तिनको उदेकलाग्दो गतिविधि देखेर छुटेका रोदन-मिश्रित खित्का नै आजको चुनावी माहोलको वास्तविक स्वर बनेको छ ।

भनाइ छ– राजनीति फोहोरी खेल हो । तर, अहिले हाम्रो देशको चुनावी परिदृश्यले देखाउँछ–



यो भनाइ फेरिएर नेपालमा 'राजनीति एउटा रमाइलो खेल' बनेको छ । विकासको गति शंखेकिराझैं सुस्त छ । नेताहरू स्वयं सत्ता नामक रूखमा च्याप्प टाँसिएका शंखेकिराझैं भए । देशका साधन-स्रोतमा प्वाल परिरह्यो, तर परिणाम देखिने गरी कुनै परिवर्तन आएन । यही असन्तुष्टिको विस्फोटले फागुन-२१ को चुनाव निम्त्याएको हो । तर, प्रश्न अझै बाँकी छ– ती शंखेकिरा झार्ने नुन कहाँ छ ? कि अझै धेरै शंखेकिरा थपिँदै भविष्यका पुस्तालाई केवल देश नामक ठुटो हस्तान्तरण गर्ने तयारी हुँदै छ ? एन मक्लिनटकले आफ्नो निबन्ध 'प्रोपगान्डा टेक्निक्स इन टुडेज एड्भरटाइजिङ' मा भनेअनुसार, राजनीतिज्ञहरूले विभिन्न प्रचार-प्रविधि प्रयोग गरेर जनताको सोचलाई प्रभावित गर्छन् । कहिलेकाहीं यो ब्रेनवास जस्तो पनि हुन्छ र ती जनमत आफ्नो पक्षमा मोड्ने उद्देश्य पूरा गर्छन् । सायद अहिले त्यस सूचीमा अर्को प्रविधि थपिएको छ– अभिनय कला प्रदर्शन । यस कलामा केही नेताहरू चुनाव क्षेत्रमा जान्छन्, उखु बोक्छन्, ट्र्याक्टर चलाउँछन्, साइकल चढ्छन्, जेरी पकाउँछन् र ती सबै दृश्यलाई भिडियो बनाएर सामाजिक सञ्जालमा प्रसारण गर्छन् । पहिरन, केश-विन्यास र बोलीसमेत अब प्रचारको हतियार बनेको छ । नेताहरू आन्दोलनामा घाइते युवाको रगत लत्पतिएको जुत्ताको छाप भएको सारीमा देखा पर्छन्, कहिले भारतीय महिला नेताको जस्तो केश-विन्यास गर्छन् र सारीमा सजिन्छन् ।

कहिले टाउकोमा गम्छा बाँधेर आफू त्यही समुदायको हुँ भन्ने भ्रम छर्छन् । यिनका अभिनयको दर्शक भइरहँदा मेरो मनमा प्रश्नहरूले निरन्तर घोचिरहन्छन– यदि कुनै विशेष भाषाको नक्कल गर्दा त्यो भाषा बोल्ने समुदायको अपमान हुन्छ भने केवल चुनाव जित्ने उद्देश्यले कुनै धर्म, जात वा समुदायको जस्तो पहिरन लगाउनु सम्मान हो कि अपमान ? यस्तो व्यवहार कुनै स्ट्यान्ड-अप कमेडियनको तल्लो स्तरको हास्य सिर्जना गर्ने प्रयासभन्दा फरक देखिँदैन । राजनीति जिम्मेवारीको क्षेत्र हो, कि अभिनयको रंगमञ्च ? चुनावी मैदानमा उत्रिएका प्रत्याशीको व्यवहार, पहिरन र क्रियाकलाप नियाल्दा देखिन्छ–उनीहरूले जनतालाई केवल भ्रममा राख्ने, अभिनयमार्फत मात्रै जित सुनिश्चित गर्ने अभ्यास गरिरहेका छन् ।

**साभार : कान्तिपुर ।**


## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलु, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क ब्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढने, कार्वन मोनोक्साईडको मात्रा शरिरमा बढने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राखका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ,
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ विशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्कालै औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

**अनुरोधकर्ता**
**सम्सी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**








**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






**अनुरोधकर्ता**
**धनुषाधाम नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday